# बार्षिक प्रगति समिक्षा प्रतिवेदन, २०८२

## आ.व. २०८१/८२

## मिक्वाखोला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## थलङ, ताप्लेजुङ

# संक्षिप्त प्रतिवेदन

## पृष्ठभूमि

बार्षिक प्रगति समिक्षा कार्यक्रमलाई विगतको राम्रो पक्षबाट सिकेर भविष्यको कार्ययोजना बनाउने बलियो आधारको रुपमा लिईन्छ। मिति २०८२ कार्तिक २४ गते गाउँपालिकाको सभाहलमा मिक्वाखोला गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको अध्यक्षता गाउँपालिकाका अध्यक्ष श्री भक्त बहादुर कार्की ज्यूले गर्नु भएको थियो। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, वडा सचिवहरु, संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। अन्य सहभागीहरुमा गाउँपालिकाका कर्मचारीहरु रहेको थियो।

## प्रारम्भिक कार्यक्रम

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री विमल गौतम ज्यूको स्वागत मन्तव्यबाट कार्यक्रमको सुरुवात भएको थियो । स्वागत मन्तव्यमा बोल्दै प्रमुख प्रशासकीय अधिकृत श्री विमल गौतम ले यस बर्षको समयावधिमा यथार्थ र वस्तुनिष्ठ कामहरु भएको, जस्तैः २ नं. वडा कार्यालय भवन निर्माण सम्पन्न भई सोहि भवन बाट दैनिक सेवा प्रवाहको कार्यहरु दिदै आएको छ। पाँच शैया अस्पतालको पक्की भवन बनाउने कार्य सम्पन्न भएको छ साथै प्रशासकीय भवन को निर्माण कार्य सम्पन्न हुने अवस्थामा पुर्‍याईएको छ। विभिन्न सामुदायिक भवन निर्माण एंव गाउँपालिकाको मुख्य सडक स्तरउन्नतीको कार्य क्रमागत ठेक्कामा हुदै आईरहेको छ। पर्यटन प्रबर्द्धनका लागि फुङफुङगे झरनामा सौन्दर्यकरणको काम सम्पन्न गरिएको छ। जनप्रतिनिधिहरु जुन आस्था र विचारबाट आएको भए पनि विकासका लागि सबैजना एक हुनुपर्छ भनेर भन्नु भएको थियो।

## प्रस्तुतिकरण

समिक्षाको मुख्य कार्यक्रमको रुपमा आ व २०८१/८२ मा गाउँपालिकाबाट सम्पादित योजना तथा कार्यक्रमहरुको प्रस्तुतिकरण रहेको थियो। आर्थिक शाखाबाट समग्र आम्दानी तथा खर्चको प्रस्तुतिको साथै कृषि, पशु शिक्षा, स्वास्थ्य, सहकारी तथा जलश्रोत, सामाजिक सुरक्षा ईकाइ, महिला, वालवालिका, उद्यम विकास, आलेप, रोजगार सेवा केन्द्र, आयुर्वेदतथा पूर्वाधार विकास शाखाबाट प्रस्तुतिकरण गरिएको थियो। सबै शाखाले आर्थिक वर्ष भरी सम्पादन गरेका योजना/कार्यक्रमहरुको वित्तिय तथा भौतिक प्रगति एवं शाखा मार्फत सम्पादन गरिएका असल अभ्यासलाई सफलतम अभ्यासको रुपमा प्रस्तुत गरिएको थियो। आर्थिक शाखाबाट गरिएको प्रस्तुतिकरणमा समग्र कार्यक्रम र सोको लागि विनियोजित वजेट, वित्तिय र भौतिक प्रगतिहरु समेटिएका थिए। योजना तथा कार्यक्रमहरुमा विनियोजित वजेट र शाखाहरु मार्फत सम्पादन भएका कार्य प्रगतिको विषयमा प्रस्तुतिकरण भएको थियो। आर्थिक प्रशासन तथा राजश्व शाखाबाट सम्पादित कार्यहरु सम्बन्धमा गाउँपालिकाको कुल वजेट, समग्र र समष्टिगत वित्तिय प्रगतिको संक्षिप्त विवरण पेश गर्नु भएको थियो। लेखा समितिले वेरुजु फछ्र्यौट, संपरिक्षण, खर्चमा मितव्ययिता जस्ता वित्तिय अनुशासनका औजारहरुको सम्बन्धमा समेत स्पष्ट पार्नु भएको थियो। राजश्व शाखाले कर संकलन तथा विवरणको साथै करको दायरा वृद्धि गर्ने सम्बन्धी गाउँपालिकाले यस आर्थिक वर्षमा गरेका कार्यहरु, कार्यक्रमहरु सम्पादन गर्दा आइपरेका समस्याहरु साथै आर्थिक प्रशासनमा सुधार र वित्तिय अनुशासन कायम गर्न भविष्यमा गर्नुपर्ने कार्यहरु समेत प्रस्तुतिमा राख्नु भएको थियो। गाउँपालिका अध्यक्षज्यूले शाखागत प्रस्तुतिमा उठेका सवालहरुको सम्बन्धमा सम्बोधन गर्नुभएको थियो।



प्रमुख प्रशासकीय अधिकृत

## गाउँपालिका अध्यक्षको मन्तव्य तथा कार्यक्रमको समापन

कार्यक्रमको अन्त्यमा गाउँपालिकाका अध्यक्ष श्री भक्त बहादुर कार्कीले आफ्नो मन्तव्य राख्दै कार्यक्रम समापन गर्नु भएको थियो। उहाँले समग्र रुपमा कार्यक्रम भव्यताका साथ सफल भएको र सफल बनाउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिनुभयो। कार्यक्रममा आर्थिक वर्ष २०८१/८२ को गाउँ र वडा स्तरीय कार्यक्रमहरु अधिकांश सम्पन्न भएका र केही सम्पन्न हुने चरणमा रहेका छन र उक्त आयोजनाहरु पनि समयमै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। पालिकाका कार्यहरु अत्यन्तै सौहार्दपूर्ण वातावरणमा सञ्चालन भईरहेको, व्यक्तिगत र दलगत स्वार्थ नभएको, विकासका हरेक काममा सहकार्य हुने समेत बताउनु भयो। मन्तव्यकै क्रममा उहाँले आगामी दिनमा सहमति र सहकार्यका लागि छलफल र अन्तरक्रियालाई अझ बढी प्राथमिकता दिई अगाडि बढ्ने, सबैले परिकल्पना गरेको सामुदायिक दायित्व र प्रतिवद्धता हुनुपर्नेमा जोड दिनुभयो। अन्त्यमा उहाँले पालिका भित्र थुप्रै महत्वपूर्ण र गौरवका आयोजनाहरु रहेको, त्यसको लागि बजेट समेतको व्यवस्था भइसकेको अवस्थामा सबैको साथ, सहयोग र समन्वय सदैव आवश्यक रहने भन्दै सम्बद्ध सबै पक्षलाई कार्यक्रम सफल बनाउन सहयोग गर्नुभएकोमा धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नुभएको थियो।

**अनुसूची १**

**वार्षिक समिक्षा कार्यक्रम २०८२**

**वार्षिक समिक्षा गोष्ठी**

**कार्यक्रम तालिका - २०८२ कार्तिक २४ गते सोमवार**

सुभारम्भः

अध्यक्षता - गा. पा. अध्यक्ष श्री भक्त बहादुर कार्की

अथितिः

आसन ग्रहणः श्री डण्डु लामा शेर्पा (उपाध्यक्ष)

आशन ग्रहणः श्री विमल गौतम, प्रमुख प्रशासकीय अधिकृत

आसन ग्रहणः श्री झरेन्द्र प्रसाद थापा, प्रवक्ता एवं वडा नं ०२ वडा अध्यक्ष

आसन ग्रहणः वडा अध्यक्षहरु सबै (१, २, ३, ४, ५)

आसन ग्रहणः कार्यपालिका सदस्यहरु सबै

आसन ग्रहणः वडा सदस्यहरु सबै

आसन ग्रहणः शाखा प्रमुख/प्रतिनिधिहरु सबै

आसन ग्रहणः वडा सचिवहरु सबै

> स्वागत मन्तव्यः श्री विमल गौतम, प्रमुख प्रशासकीय अधिकृत

> आ.व. २०८१/८२ को वार्षिक कार्यप्रगति सम्बन्धमा शाखागत प्रस्तुति

स्वास्थ्य शाखा

पशुपंक्षी विकास शाखा

कृषि विकास शाखा

महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा

उद्यम विकास शाखा

शिक्षा, युवा तथा खेलकुद विकास शाखा

रोजगार सेवा केन्द्र



प्रमुख प्रशासकीय अधिकृत

न्यायिक समिति (कानुन शाखा)

सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाइ

जिन्सी शाखा

योजना तथा पूर्वाधारविकास शाखा

राजश्व शाखा

सहकारी शाखा

प्रशासन शाखा

सूचना तथा प्रविधि शाखा

आर्थिक प्रशासन शाखा

आयुर्वेद शाखा

> खुल्ला छलफल

> सहभागिहरुबाट उठेका सवालहरुको गाउँपालिका अध्यक्ष ज्यूबाट सम्वोधन

> अतिथिहरुबाट शुभकामना मन्तव्य

* सभाध्यक्षबाट मन्तव्य सहित कार्यक्रम समापन

## अनुसूची २

## प्रस्तुतिकरण

## बार्षिक समिक्षा तथा प्रगति प्रतिवेदन

मिक्वाखोला गाउँपालिका भित्रका जनताको आर्थिक, सामाजिक, सांस्कृतिक, शासकीय र पूर्वाधारको विद्यमान अवस्थामा सकारात्मक परिवर्तन ल्याई समग्र क्षेत्रको सुधार गर्ने औजारको रुपमा रहेको वार्षिक वजेटबाट यस गाउँपालिकाका विभिन्न क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन्। आर्थिक वर्ष २०८१/८२ मा मिक्वाखोला गाउँपालिकाले हासिल गरेका प्रगति प्रतिवेदन देहाय वमोजिम रहेको छ।

१. स्थानीय तहबाट हालसम्म जारी भएका कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड)

क. ऐनहरुः- ६ वटा

१. सहकारी ऐन, २०७९

२. शिक्षा ऐन,

३. अध्यक्ष आकस्मिक कोष कार्यान्वयन विनियम ऐन,

४. आर्थिक ऐन २०८२,

५. विनियोजन ऐन, २०८२,

६. गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन

ख. नियमावलीः- ३ वटा

१. कार्यसम्पादन नियमावली

२. खरिद नियमावली

३. गाउँ कार्यपालिका कार्यविभाजन नियमावली

ग. कार्यविधि २१ वटा

१. अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि कार्यविधि,२०७९



प्रमुख प्रशासकीय अधिकृत

२. गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि

३. गाउँसभा सञ्चालन कार्यविधि

४. घ वर्गको ईजाजतपत्र कार्यविधि

५. प्रमाणिकरण कार्यविधि

६. बाल अधिकार संरक्षण कार्यविधि

७. योजना तर्जुमा कार्यान्वयन र व्यवस्थापन कार्यविधि

८. राजपत्र प्रकाशन कार्यविधि

९. संक्रमणकालिन कर्मचारी व्यवस्थापन कार्यविधि, २०७४

१०. होमस्टे संचालन कार्यविधि

११. स्थानीय सरकारी सेवा तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०

१२. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८०

१३. स्थानीय भत्ता कार्यविधि, २०८०

१४. जे.सि.भि. संचालन कार्यविधि

१५. लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कार्यविधि, २०७८

१६. गाउँ प्रहरी कार्यविधि,२०८०

१७. मेलमिलाप केन्द्र संचालन सम्बन्धि कार्यविधि

१८. विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९

१९. विषयगत समिति कार्यसञ्चालन कार्यविधि

२०. टोलविकास संस्था गठन तथा परिचालन कार्यविधि

२१. एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि

ङ. मापदण्डहरुः - ३ वटा

च. रणनितिः- १ वटा

छ. निर्देशिकाः १ वटा

छ. हालसम्म स्वीकृत कानून राजपत्रमा प्रकाशन १८ वटा

## २. आ.व. २०८१/८२ को वित्तीय अवस्था

| क्र.सं. | श्रोतको किसिम | आ.व. २०८१/८२ | | | | |
|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | प्रदेश सरकार | जम्मा | खर्च | खर्च प्रतिशत |
| १. | समानीकरण अनुदान | ८१७००००० | ४९१८००० | ८६६१८००० | ७५५१०८४१ | ८७.१७ |
| २. | शशर्त अनुदान | १८४१३४००० | ६५४०००० | १९०६७४००० | ११६६६५६९० | ६१.१८ |
| ३. | समपुरक अनुदान | १३०००००० | १०००००००० | २३०००००० | १८६२९६७१ | ८०.९९ |
| ४. | विशेष अनुदान | २९०००००० | | २९०००००० | २७४८२९९४ | ९४.७६ |
| ५. | राजश्व बाँडफाँड | ७६०००००० | ४४३९००० | ८०४३९००० | ६७५३७०२४ | ८३.९६ |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | रोयल्टी | | | | | |
| ७. | सवारी कर | | | | | |
| ८. | आन्तरिक श्रोत गा.पा. | | | २३०००००० | ३०४१११११ | १३२.६ |
| ९. | अन्य | | | | | |
| | जम्मा | ३८३८३४००० | २५८९७००० | ४१२०१३००० | ३३६३२५४११ | ८१.६३ |

**३. आन्तरिक आयको अवस्था:**

| क्र.सं. | प्रमुख श्रोत | २०८१/८२ को यथार्थ | कैफियत |
|---|---|---|---|
| १ | भुमिकर | २०००० २ | |
| २ | व्यवसाय कर | १६४२०० | |
| ३ | घरवहाल कर | १४०१९० | |
| ४ | विज्ञापन कर | | |
| ५ | सवारी साधन कर | | |
| ६ | अन्य सेवा शुल्क (सबै किसिमका) | ५४५२८९ | |
| ७ | दस्तुर (सिफारिस, प्रमाणित) | ८६७९१८ | |
| ८ | बिक्री (गिटी, ढुङ्गा, वालुवा तथा अन्य) | २६४९६ | |
| जम्मा | | १९४४०९५ | |

**४. आ.व. २०८१/८२ मा प्रदेश र स्थानीय तहबिचको राजश्व बाँडफाँड।**

| सवारी कर | घरजग्गा रजिस्ट्रेसन शुल्क | ढुंगागिट्टी बालुवा विक्री | | विज्ञापन कर मनोरञ्जन कर | | जम्मा |
|---|---|---|---|---|---|---|
| ० | ० | | | | | |
| | | | | | | |

**५. आ.व. २०८१/८२ मा बजेट पेश तथा स्विकृति प्रदेश र स्थानीय तहबिचको राजश्व बाँडफाँड।**

(क) सभामा बजेट पेश गरिएको मितिः २०८१/०३/१०

(ख) सभामा बजेट पारित गरिएको मितिः २०८१/०३/२५

(ग) आर्थिक ऐन स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिः २०८१/०३/१०

६. गत आ.व. को कार्यपालिका तथा सभाको बैठक सम्बन्धी विवरणः

१. सभाको अधिवेशन/ बैठकबसेको पटकः- ४

२. कार्यपालिका बैठक संख्याः १८

३. सभातथा कार्यपालिका बैठकको मिति, समय, स्थानर कार्यसूची निर्धारित समयमै सदस्यहरुलाई उपलब्ध गराए/नगराएकोः गराएको

(क) सभाबैठकको मिति, समय र स्थान सम्बन्धमा समयमै जानकारी गराए/नगराएको- गराएको

(ख) कार्यपालिका बैठकको मिति, समय, स्थान र कार्यसूची निर्धारित समयमै जानकारी गराएको/नगराएकोः गराएको

७. विषय क्षेत्रगत/उपक्षेत्रगत वार्षिक बजेट विनियोजन र खर्च रु (आ.व. ०८१/०८२)

| क.स. | विषय क्षेत्र/ उपक्षेत्र | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र/उपक्षेत्र | ३२६००००० | ३०८६३६२४ | ९४.६७ | |
| २ | सामाजिक विकास क्षेत्र/उपक्षेत्र | १६२५०००० | १५५४०५२४ | ९५.६३ | |
| ३ | पूर्वाधार विकास क्षेत्र/उपक्षेत्र | १०९८१७७०० | ७६६९७४५७ | ६९.८७ | |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र/उपक्षेत्र | | | | |
| ५ | सुशासन संस्थागत सेवा प्रवाह तथा क्षमता विकास क्षेत्र/उपक्षेत्र | २०००००० | १६२२४९० | ८१.१४ | |
| ६ | कार्यालय संचालन तथा प्रशासन | २४०२०४००० | २०१५०१०६१ | ८३.८९ | |
| जम्मा | | ४००८७१७०० | ३२६२२५४१६ | ८१.३७ | |

१०. विषय क्षेत्रगत/उप क्षेत्र अनुसार प्रगति विवरण (आ.व. ०८१/०८२)

| क.सं. | आयोजना उपलब्धि सूचक क्षेत्र र कार्यक्रम/ क्रियाकलाप | संख्या/ईकाई | भौतिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार | | | | |
| | कच्ची सडक निर्माण | १५ कि.मि. | | |
| | सडक मर्मत सम्भार | २ कि.मि | | |
| | सडक स्तरोन्नति ग्राभेल आदि | ० कि.मि | | |
| | सडक पक्की नाली | ०.६ कि.मि | | |
| | कालोपत्रे सडक | ० कि.मि | | |
| | कजवे कल्भर्ट | ० वटा | | |
| | पक्की पुल/कच्ची पुल | ० वटा | | |
| | खानेपानी तथा सरसफाइ | ५०० घरधुरी | | |
| | सिंचाइ | १ वटा | | |
| | वैकल्पिक उर्जा | ० | | |
| | जलविद्युत | ० | | |
| | फोहोर मैला व्यवस्थापन | ० | | |
| | सडक बाहेक अन्य भौतिक पूर्वाधार भवन | १ पाँच शैया अस्पताल, | | |
| | | सामुदायिक भवन ५ वटा | | |
| | सरकारी, सार्वजनिक प्रति वन आदी क्षेत्रको जग्गा संरक्षण | | | |
| | खेल मैदान, चिल्डेन पार्क, मनोरन्जन पार्क, प्रदर्शनी स्थल, पार्किङ स्थल आदि संरक्षण स्थल | | | |
| | अन्य (सुचना तथा संचार टेलिकम आदी) | | | |
| | अन्य | | | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ख) | आर्थिक विकास (उपक्षेत्र: कृषि, पशुसेवा, उद्योग, पर्यटन, सहकारी, वित्तिय क्षेत्र आदि । | याक चौरी प्रवर्द्धन कार्यक्रम, रेविज खोप कार्यक्रम संचालन | | |
| | | कृषि सामाग्री वितरण (हाते ट्रयाक्टर, पाईप, टनेल) | | |
| ग) | सामाजिक विकास (उपक्षेत्र: शिक्षा, स्वास्थ्य, खानेपानी, महिला बालवालिका समावेशी, लक्षित वर्ग, समाज कल्याण आदि । | गाउँपालिका पुर्ण खोप घोषणा | | |
| घ) | वन वातावरण विपद् व्यवस्थापन (वन, वातावरण, विपद् व्यवस्थापन, फोहोरमैला व्यावस्थापन, वस्ती विकास, भू-उपयोग आदि । | विपद् घरपरिवार छनौट गरि सहयोग रकम वितरण | | |
| | जम्मा | | | |

## खण्ड (ख)

## सेवा प्रवाह, योजना तथा अनुगमन

### १. सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था

क) कार्यालय भवनको पर्याप्तता

| विवरण | संख्या | भवन संरचना (पक्की/कच्ची) | कार्यालयको आफ्नै | अन्य सरकारी भवनको प्रयोग गरिएको | भाडामा रहेको | निर्माणाधिन |
|---|---|---|---|---|---|---|
| गा.पा. कार्यालय भवन | १ | अस्थाई | महिला भवन | छ | छ | प्रशासकीय भवन |
| वडा कार्यालय भवन | ५ | २ पक्की/३ कच्ची | आफ्नै | | | |
| विषयगत शाखा वा एकाई भवन (विषयक्षेत्र समेत उल्लेख गर्ने) | | | | | | |



प्रमुख प्रशासकीय अधिकृत

२. स्थानीय तहको केन्द्रमा उपलब्ध अन्य भौतिक पूर्वाधारको अवस्था:

| क्र.सं. | विवरण | भए/नभएको | अवस्था | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडकको पहुँच | भएको | कच्ची/ग्राभेल | | |
| २ | विद्युत | भएको | स्थानीय ल.ज.वि. | | |
| ३ | इन्टरनेट सेवा | भएको | फाईवर नेट | | |
| ४ | सरकारी कारावार गर्ने बैंक | भएको | प्रभु बैंक | | |

३. स्थानीय तह अन्तर्गत सवारी साधनको विवरण:

| सवारी साधन | संख्या | अवस्था | | | | भाडामा लिएको भए |
|---|---|---|---|---|---|---|
| | | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | अन्य (हराएको/आगलागी) | |
| दुई पाङ्ग्रे (मोटरसाईकल) | २७ | १३ | ७ | ५ | २ | |
| चारपाङ्ग्रे (जीप/कार/भ्यान) | २ | २ | | | | |
| एम्बुलेन्स | २ | २ | | | | |
| अन्य ट्र्याक्टर, भ्याकुलोडर) | १ | १ | | | | |

४. स्थानीय तह अन्तर्गत गठित समिति:

| समितिको नाम | गत आ.व.को वैठक संख्या | कैफियत |
|---|---|---|
| अनुगमन तथा सुपरिवेक्षण समिति | | |
| वडा-स्तरीय अनुगमन समिति | | |
| राजश्व परामर्श समिति | १ | |
| श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | १ | |
| लेखा समिति | १ | |
| बजेट तथा कार्यक्रम समिति | १ | |
| विधायन समिति | | |
| सुशासन समिति | | |

५. न्यायिक समिति:

गत आ.व.मा दर्ता उजुरी/गुनासोको संख्या: ०६

गत आ.व.को वैठक संख्या: १२ वटा

गत आ.व.मा उजुरी/गुनासो कार्वाही र किनारा संख्या: ०६



प्रमुख प्रशासकीय अधिकृत

६. स्थानीय तहबाट विद्युतीय सेवा संचालनः

क) सेवा प्रवाहमा प्रयोगमा रहेको सफ्टवेयरहरुको प्रकारः Online, Offline

ख) अनलाइन प्रणालीबाट उपलब्ध गराईएको सेवाहरुः लेखा, पञ्जीकरण, जिन्सी व्यवस्थापन ।

**७. गत आ.व.मा सञ्चालित योजना सम्बन्धी विवरणः**

| क्र.सं. | विवरण | योजना संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ लाख भन्दा कम बजेटको आयोजना | १८ | |
| २ | १ लाख देखि ३ लाख सम्मको आयोजना | ३६ | |
| ३ | ३ लाख देखि माथि ५ लाख बजेटको आयोजना | ३८ | |
| ४ | ५ लाख देखि माथि १० लाख बजेटको आयोजना | १० | |
| ५ | १० लाख देखि माथि २५ लाख बजेटको आयोजना | ७ | |
| ६ | २५ लाख देखि माथिको आयोजना | ५ | |

**८. योजना कार्यान्वयनः**

| क्र.सं. | विवरण | योजना संख्या | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति मार्फत | १ | |
| २ | टोलविकास संस्था मार्फत | ६९ | |
| ३ | निर्माण व्यवसायी मार्फत | ३९ | |
| ४ | गैरसरकारी संस्था मार्फत | ५ | |
| ५ | अन्य (कोटेशन) | ० | |

**९. आवधिक/क्षेत्रगत योजना सम्बन्धी (अवधि समेत उल्लेख गर्ने)**

क) स्थानीय तहको प्रोफाइल बनेको/नबनेकोः

ख) आविधिक योजना बनेको/नबनेकोः बनेको (२०८१-८५ सम्म)

**१०.सामाजिक सुरक्षा अनुदान सम्बन्धीः**

| क्र.सं. | विवरण | लाभग्राहीको संख्या | २०८१/८२ को रु. | कैफियत |
|---|---|---|---|---|
| १. | जेष्ठ नागरिक | ५७५ | २७००७२४३ | |
| २. | जेष्ठ नागरिक भत्ता दलित | १२ | ४१४९६० | |
| ३. | जेष्ठ नागरिक एकल महिला | ७० | २३६२०८० | |
| ४. | विधवा | ११० | ३४३४०६० | |
| ५. | पुर्ण अपांगता भत्ता | ४७ | २१३०६६० | |
| ६. | अति अशक्त अपाङगता भत्ता | १०३ | २५४२९८० | |
| ७. | दलित वालवालिका | २६ | १६४६०७ | |

## खण्ड (ग)

## पारदर्शिता एवं सुशासन/वित्तीय सुशासन

१. आ.व २०८१/८२ को वार्षिक आ.ले.प तथा म.ले.प सम्पन्न गरी प्राप्त प्रारम्भिक प्रतिवेदनको जवाफ पठाउन लेखाशाखासंग समन्वय गरियो।

२. आ.व. २०८१/८२ को म.ले.प हुँदा गत आ.व. को बेरुजू संमपरिक्षण गर्न समन्वय गरी रु. १ करोड ३१ लाख ३२ हजार ३ सय ३६ रुपैया बेरुजू फछ्र्योट गरियो।

३. आ.व २०८१/८२ को रकम रु. २ करोड ४६ लाख ९९ हजार ७ सय ८७ तथा गतको सम्मको जम्मा बेरुजू रु.१७ करोड २४ लाख ४५ हजार ७ सय ८७ रहेको छ।

४. आ.व. २०८१/८२ मा पालिकामा रहेको सबै वडा गई सार्वजनिक सुनुवाई गरेको।

५. पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरण बुझाएको अवस्थाः

आ.व. २०८१/८२ को पदाधिकारी तथा कर्मचारीहरुको सम्पत्ति विवरण समयमा नै बुझाएको।

| क्र.सं. | विवरण | सम्पत्ति विवरण वुझाउनेको संख्या | सम्पत्ति विवरण नवुझाउनेको संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | जनप्रतिनिधि | २४ | ४ | |
| २. | कर्मचारी | ५४ | | |
| ३. | शिक्षक | १२४ | | |
| ४. | स्वास्थ्यकर्मी | ३५ | | |
| **जम्मा** | | २३७ | | |

## खण्ड (ङ)

**१. आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनीय कार्यहरु**

क. नेपालको सयौ पर्यटकीय गन्तब्य भित्र पर्ने फुङफुङगे झरना सौन्दर्यीकरण गर्न उक्त स्थानमा सिढी निर्माण, पोखरी निर्माण, वस्नको लागि चौतारा निर्माण भएको।

ख. पालिकाको केन्द्र थलङमा पाँच शैया अस्पताल निर्माण भएको।

ग. हाइड्रोपावरसँग समन्वय गरेर सामुदायीक र घरपालुवा कुकुर-बिरालोलाई स्थायी बन्ध्याकरण कार्यक्रम, प्रत्येक वडाका कुकुर-बिरालोलाई रेविज खोप कार्यक्रम सम्पन्न गरियो, प्रत्येक वडाका पशुवस्तुमा नियमित रुपमा नेपाल सरकारबाट वितरण गरिने खोप लगाईयो, नियमित रुपमा आवश्यकता अनुसार पशुपंक्षीको रोग निदान र निशुल्क औषधि वितरण, पशु स्वास्थ्य शिविर सञ्चालन, शाखाबाट पशुपालन गर्न इच्छुक कृषकहरुलाई परामर्श-सल्लाह र फर्म दर्ता गर्न प्रोत्साहन गर्ने काम गरेको।

ग. पुर्णखोप मुक्त पालिका घोषणा गरेको।

घ. गाउँपालिका अन्तर्गत रहेका ३ वटा स्वास्थ्य चौकीमा भिडियो एक्स-रे गर्ने ब्यबस्था मिलाईएको।

**२. असल अभ्यासहरू:**

क. शिक्षा क्षेत्रमा दरबन्दी मिलान गरि शिक्षकहरुको असमानतालाई न्युनीकरण गरिएको।

ख. पालिकामा रहेको सबैजसो गर्भवती महिलाहरुलाई स्वास्थ्य चौकी (वर्थिङ सेन्टर) मा सुत्केरी गरिदै आएको।

**३. स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्याहरु:**

क. गाउँपालिका भित्रको बढी जसो भू-भाग पर्वतिय क्षेत्र रहेकोले मोटरबाटोको सुविधाको लागि कच्चि/ग्राभेल बाटो मात्र रहेको, कृषि योग्य जमिनको कमि भई आयआर्जमा बृद्धि गर्न नसक्नु।



प्रमुख प्रशासकीय अधिकृत

ख. खोप कार्यक्रम गर्दा चिस्यानको मापन मिलाउन समस्या हुन्छ, लेकाली क्षेत्रमा खोप कार्य गर्दा ढुवानीको समस्या, पशु स्वास्थ्य कार्यक्रम सञ्चालनमा यातायात साथै आवश्यक सामानहरू ओसार पसारमा समस्या, खोप कार्यक्रमको लागि दिने न्युन पारिश्रमिक हिमाली क्षेत्रमा व्यवस्थापनमा समस्या, रोग निदानको लागि नमुना बिराटनगर वा काठमाण्डौं पठाउदा खासै प्रभावकारी नहुने।

ग. संघ तथा प्रदेशको समन्वय नहुँदा आन्तरिक आय बृद्धि गर्न कठिनाई।


**बार्षिक समिक्षा कार्यक्रमका झलकहरु**






प्रमुख प्रशासकीय अधिकृत







प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत



समाप्त



प्रमुख प्रशासकीय अधिकृत

मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ

कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०८२/०७/२८ बैठक सङ्ख्या ०४

बैठक प्रारम्भ समयः १२:०० बजे पुर्वान्ह बैठक समापन समयः ०४:३० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| २. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| ३. | श्री विमल गौतम | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री राम कुमार लिम्बु | १ नं. वडा अध्यक्ष | | |
| ५. | श्री झरेन्द्र प्रसाद थापा | २ नं. वडा अध्यक्ष | | |
| ६. | श्री मचिन्द्र कुमार लिम्बु | ३ नं. वडा अध्यक्ष | | |
| ७. | श्री फुपुतेन्जी शेर्पा | ४ नं. का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री ग्यान्जे शेर्पा | ५ नं. वडा अध्यक्ष | | |
| ९. | श्री फुपुलामु शेर्पा | संदस्य | | |
| १०. | श्री सरिता गहते | सदस्य | | |
| ११. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| १२. | श्री मदन कुमार वि.क. | सदस्य | | |

**प्रस्ताव नं. १, जग्गा वर्गीकरण छुट तथा साविक वडा फरक सम्बन्धमा ।**

**निर्णय नं. १,** प्रस्ताव नं. १ माथी व्यापक छलफल गर्दा भु-उपयोग ऐन २०७६ को दफा २० को उपदफा १ 'क' बमोजिम कार्यान्वयन समितिबाट स्विकृति भएको ऐनको दफा ५ को उपदफा १ बमोजिम भु-उपयोग वर्गिकरण अन्तिम प्रतिवेदन समेत तयार भईसकेकोमा मिक्वाखोला गाउँपालिका भित्र रहेको विभिन्न वडाहरुमा कतिपय जग्गाहरुको कितागत विवरण समेत वर्गिकरण छुट हुन गएको तथा साविक वडा फरक पर्न गएको सन्दर्भमा सम्बन्धित जग्गा धनीको निवेदन वडासमितिबाट प्राप्त सिफारिस तथा भु-उपयोग क्षेत्र नक्सा समेतको आधारमा तपशिल बमोजिमको जग्गाहरुको भु-उपयोग वर्गिकरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १०, प्रस्ताव नं. १० माथि व्यापक छलफल गर्दा निम्न बमोजिम विपद्कोष खर्च शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय पारित गरियो।

<u>निम्नः</u>

क) वैराखु आ.वि. शौचालय छेउको भत्किएको गाह्रो मर्मत रु. १ लाख ।

ख) याक्चिक्पा मोटरबाटोमा पहिरो गई सडक बन्द भएकोले मर्मत रु. १ लाख ।

ग) पापुङ किलिङ सिरान मोटरबाटो मर्मत तथा पहिरो सफाई रु. १ लाख ।

**प्रस्ताव नं. ११, बार्षिक समिक्षा सम्बन्धमा।**

निर्णय नं. ११, प्रस्ताव नं. ११ माथि व्यापक छलफल गर्दा आ.व. २०८१/८२ को बार्षिक समिक्षा मिति २०८२ कार्तिक २४ गते सम्पन्न गरि पेश गरिएको प्रतिवेदन पारित गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १२, उत्तरदायित्वको रकम कार्यान्वयन गर्ने सम्बन्धमा।**

निर्णय नंः १२, प्रस्ताव नं. १२ माथि व्यापक छलफल गर्दा पापुङ ढुङगेसाँघु सवस्टेशन ३३ के.भी. हाइटेन्सन लाइनको सामाजिक उत्तरदायित्व अन्तर्गतको विनियोजित रकमबाट बाल्देन मा.वि. खेलमैदान मर्मत संभारको लागि कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १३, विद्यालयमा प्रोत्साहन अनुदान सम्बन्धमा।**

निर्णय नं. १३, प्रस्ताव नं. १३ माथि व्यापक छलफल गर्दा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एंव कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतको ई-लर्निङ, पुस्तकालय, विज्ञान प्रयोगशालाको लागि आवश्यक सामाग्री तथा उपकरण व्यवस्थापन र संचालन अन्तर्गतको कार्यक्रम (अनुदान) पञ्चेश्वरी मा.वि.लाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १४, झोलुङ्गे पुल निर्माण सम्बन्धमा।**

निर्णय नं. १४, प्रस्ताव नं. १४ माथि व्यापक छलफल गर्दा वडा नं. ०२ खोक्लिङ स्थित राईगाउँको झोलुङ्गेपुल उपभोक्ता समिति गठन गरि पुल निर्माणको काम संचालन गर्ने निर्णय पारित गरियो ।

*<u>आजको वैठक यहि अन्त्य गरियो ।</u>*